# निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका-२०७३

तथा

# बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता सम्बन्धी निर्देशिका-२०७३

र

# शीघ्र प्रशारण तथा अनुशरणका लागि पूर्व उन्मोचित बालीका जातहरूको बीउ उत्पादन सम्बन्धी प्रस्तावना


नेपाल सरकार

कृषि विकास मन्त्रालय

**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**

हरिहरभवन, ललितपुर, नेपाल

फोन नं.: ९७७-१-५५२१३५९ फ्याक्स नं.: ९७७-१-५५२६२७६

इमेलः sqccnepal@gmail.com वेभसाइटः www.sqcc.gov.np

सम्पर्कः
नेपाल सरकार
कृषि विकास मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर, नेपाल

फोन नं.: ९७७-१-५५२१३५९
फ्याक्स नं.: ९७७-१-५५२६२७६
इमेलः sqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np

प्रकाशन : .............. प्रति
मिति : २०७४, .............

# निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका-२०७३
# तथा
# बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता सम्बन्धी निर्देशिका-२०७३
# र
# शीघ्र प्रशारण तथा अनुशरणका लागि पूर्व उन्मोचित बालीका जातहरूको बीउ उत्पादन सम्बन्धी प्रस्तावना


नेपाल सरकार

कृषि विकास मन्त्रालय

**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**

हरिहरभवन, ललितपुर

# निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका, २०७३

(नेपाल सरकारबाट स्वीकृत मितिः २०७३/५/१५)

**प्रस्तावना :** नेपालमा जातीय विकास तथा सम्बर्द्धनदेखि मूल/श्रोत बीउ उत्पादनसम्म सरकारी क्षेत्रको बर्चश्व रहँदै आएको एवम् देशमा बढी रहेको प्रमाणित र उन्नत बीउको माग पूरा गर्न सरकारी क्षेत्रबाट हुँदै आएको प्रजनन एवम् मूल/श्रोत बीउको उत्पादन तथा व्यवस्थापनमा निजी क्षेत्रलाई समेत संलग्न गराउन सकिएको खण्डमा सबै स्तरका बीउ माग अनुसार आपूर्ति हुन सक्ने महशूश गरिएकाले जातीय विकास तथा सम्बर्द्धन, मूल/श्रोत र वर्णसंकर बीउ उत्पादन तथा वर्णसंकर बीउ उत्पादन गर्न आवश्यक पर्ने पैत्रिक लाईनको उत्पादन र व्यवस्थापनमा निजी क्षेत्रलाई समेत संलग्न गराई देशभित्र उच्च गुणस्तरयुक्त बीउको आपूर्ति एवम् उपयोग बढाउन तथा बीउ बिजन व्यवसायलाई प्रबर्द्धन गर्न बीउ बिजन नियमावली, २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ लाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०६९ लाई सम्झनु पर्छ ।

(ग) "स्वामित्व प्राप्त निकाय" भन्नाले बीउ वा बालीका पैत्रिक लाईन विकास गर्ने निकाय सम्झनु पर्छ ।

(घ) "केन्द्र" भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनु पर्छ ।

(ङ) “परिषद्” भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् र त्यस अन्तरगतका निकायहरू सम्झनु पर्छ ।

(च) “विभाग” भन्नाले कृषि विभाग र पशु सेवा विभाग तथा ती विभाग अन्तरगतका निकायहरू सम्झनु पर्छ ।

(छ) “निजी क्षेत्र” भन्नाले बीउ उत्पादन कार्यमा संलग्न व्यक्ति, समूह, सहकारी, कम्पनी वा गैर सरकारी संस्था सम्झनु पर्छ ।

(ज) “बाली निरीक्षक” भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) “मूल बीउ” भन्नाले बीउ बिजन नियमावली, २०६९ को नियम १६ उपनियम (३) ले बर्गिकृत गरे अनुसार प्रजनन बीउबाट उत्पादित बीउको स्तर सम्झनु पर्छ ।

(ञ) “श्रोत बीउ” भन्नाले बीउ बिजन नियमावली, २०६९ को नियम १६ उपनियम (२) ले बर्गिकृत गरे अनुसार प्रजनन बीउबाट उत्पादित बीउको स्तर सम्झनु पर्छ ।

**३.** **जातीय विकास र प्रवर्द्धन सम्बन्धी व्यवस्था :** (१) नियमावलीको नियम ११ मा व्यवस्था भए बमोजिम विकास गरिएका बालीका नयाँ जातहरूको बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता गर्नु पर्नेछ ।

**४.** **जातीय सम्बर्द्धन र प्रजनन बीउ उत्पादन :** (१) जातीय सम्बर्द्धन तथा प्रजनन बीउ उत्पादन गर्ने जिम्मेवारी बाली प्रजनक वा प्रजनक रहेको निकायको हो । सरकारी क्षेत्रमा विकास गरिएका नयाँ जातहरू र स्थानीय जातहरूको संरक्षण एवम् सम्बर्द्धन तथा ती जातहरूको प्रजनन बीउ उत्पादन परिषद् र विभाग अन्तरगतका फार्म/केन्द्रमा प्रजनकद्वारा गरिनेछ ।

(२) अनुसूचि - १ मा उल्लिखित शर्तहरू पूरा गर्ने निजी क्षेत्रका व्यक्ति वा संस्थाले समेत जातीय विकास र सम्बर्द्धनको कार्य गर्न सक्नेछन् ।

(३) उपदफा (२) मा उल्लेख भए बमोजिमको कार्य गर्न केन्द्रबाट अनुमतिपत्र प्राप्त गर्नु पर्छ ।

(४) उपदफा (३) मा उल्लेख भए बमोजिमको अनुमतिपत्र प्राप्त गर्न पाँचसय रुपैयाँ दस्तुर सहित अनुसूचि - २ को ढाँचामा निवेदन दिनु पर्छ ।

(५) उपदफा (४) अनुसार पेश भएको निवेदन उपयुक्त देखिएमा केन्द्रले अनुसूचि - ३ को ढाँचामा अनुमति दिनेछ । निवेदन उपयुक्त भए नभएको ठहर गर्ने अधिकार केन्द्रमा सुरक्षित रहनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदान गरिएको अनुमतिपत्र तीन बर्षसम्म बहाल रहनेछ ।

(७) अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र केन्द्रमा दुईसय रुपैयाँ दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको म्याद नाघेपछि कसैले नवीकरण गराउन नसकेको मनासिव कारण सहित नवीकरणको लागि निवेदन दिन आएमा थप तीन महिनासम्मको लागि केन्द्रले उपदफा (७) बमोजिम लाग्ने दस्तुरमा एकसय रुपैयाँ थप दस्तुर लिई नवीकरण गर्नसक्नेछ । सो अवधिभित्र पनि नवीकरण गराउन नआएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(९) जातीय विकास तथा सम्बर्द्धनको असर पछिल्ला पुस्ताको बीउ उत्पादनमा समेत पर्ने भएकोले यस्को सम्वेदनशीलतालाई दृष्टिगत गरी यस्तो कार्य गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले गरी रहेको कार्यको केन्द्रका अधिकृतबाट वा नेपाल कृषि अनुसन्धान परिषदका वैज्ञानिक सम्मिलित टोलीबाट नियमित रुपमा संयुक्त अनुगमन हुनेछ । अनुगमनको क्रममा अनुमतिपत्रमा उल्लिखित शर्तहरूको पालना नभएको वा आवश्यक पूर्वाधार तथा संरचना दुरुस्त नपाइएमा अनुगमनमा संलग्न पदाधिकारीले दिएको प्रतिवेदनको आधारमा केन्द्रले त्यस्ता व्यक्ति वा संस्थालाई निश्चित समयावधि तोकी सुधारको लागि पत्र पठाउनेछ । तोकिएको अवधिमा सुधार कार्य नभएमा वा गरिएका सुधार कार्य सन्तोषजनक नपाइएमा नियमावलीको नियम ८ बमोजिम गठित गुणस्तर

निर्धारण तथा व्यवस्था उपसमितिको बैठकमा छलफल गराई त्यस्तो व्यक्ति वा संस्थाको अनुमतिपत्र रद्द गर्नेतर्फ कारवाही अगाडी बढाइनेछ। उपसमितिले अनुमतिपत्र रद्द गर्ने निर्णय लिएको खण्डमा सो को जानकारी छिटो साधनद्वारा सम्बन्धित व्यक्ति वा संस्थालाई दिनु पर्नेछ।

## ५. मूल/श्रोत बीउ उत्पादन सम्बन्धी ब्यबस्था

**५.१ मूल/श्रोत बीउ उत्पादनको लागि अनुमति लिनु पर्ने :** राष्ट्रिय बीउ बिजन समितिले सर्बसाधारण कृषकको लागि खेती गर्न सिफारिस गरेका उन्मोचित बालीका जातहरूको मूल/श्रोत बीउ उत्पादन गर्न आबस्यक पर्ने प्रजनन् बीउ प्राप्त गर्न चाहने निजी क्षेत्रका कुनै व्यक्ति वा संस्थाले अनुमति लिनु पर्नेछ र त्यस्तो अनुमति प्राप्त गर्न निम्न प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

(१) मूल/श्रोत बीउ उत्पादन गर्न चाहने निजी क्षेत्रका ब्यक्ति वा संस्थाले अनुसूचि - १ मा उल्लिखित प्रावधानहरू पूरा गरी केन्द्रबाट अनुमतिपत्र लिएको हुनु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त गर्नको लागि पाँचसय रुपैयाँ दस्तुर सहित अनुसूचि - ४ को ढाँचामा केन्द्रमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपयुक्त ठहर भएमा केन्द्रले अनुसूचि - ३ को ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदान गरिएको अनुमतिपत्र तीन बर्षसम्म बहाल रहनेछ।

(५) अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले तीन महीनाभित्र केन्द्रमा दुईसय रुपैयाँ दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको म्याद नाघेपछि कसैले नवीकरण गराउन नसकेको मनासिव कारण सहित नवीकरणको लागि निवेदन दिन आएमा थप तीन महीनासम्मको लागि केन्द्रले उपदफा (५) बमोजिम लाग्ने दस्तुरमा एकसय रुपैयाँ थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ। सो अवधिभित्र पनि नवीकरण गराउन नआएमा त्यस्तो अनुमति पत्र स्वतः रद्द हुनेछ।

**५.२ प्रजनन् र मूल/श्रोत बीउ सम्बन्धी अन्य व्यवस्थाः** (१) दफा ५.१ बमोजिम अनुमति पत्र प्राप्त गरेका निजी क्षेत्रका व्यक्ति वा संस्थाले सूचित गरिएका बालीका जातको मूल/श्रोत बीउ उत्पादन गर्न आबश्यक पर्ने प्रजनन् बीउ प्राप्त गर्न बाली अनुसार कम्तिमा तीन बर्षको उत्पादन प्रक्षेपण अनुसूचि - ५ बमोजिम तयार गरी प्रत्येक बर्ष हिउँदे बालीको लागि श्रावण र बर्षे बालीको लागि कार्तिक मसान्त भित्र केन्द्रमा पेस गर्नु पर्नेछ ।

(२) केन्द्रले सरकारी तथा अन्य निकायबाट समेत मूल/श्रोत बीउ उत्पादन गर्न आबश्यक पर्ने प्रजनन् बीउको माग संकलन गर्नेछ ।

(३) यसरी सबैतिरबाट प्राप्त हुन आएको माग कम्पाइल गरी केन्द्रले प्रजनन तथा मूल/श्रोत बीउको उत्पादन र वितरण समेटिएको प्रक्षेपित वासलात तयार गर्नेछ । केन्द्रबाट तयार भएको बासलात अनुसार प्रजनन् बीउ उत्पादन गर्न नियमावलीको नियम ६ मा व्यवस्था गरिएको योजना तर्जुमा तथा अनुगमन उपसमितिको बैठक हिउँदे बालीको लागि भदौमसान्तभित्र र वर्षे बालीको लागि मार्गमसान्तभित्र बोलाई उक्त बैठकले बीउको आबश्यकता र प्रक्षेपित उत्पादनको वासलातलाई अन्तिम रुप दिनेछ । योजना तर्जुमा तथा अनुगमन उपसमितिको बैठक आबश्यकता अनुसार खाद्यान्न बाली र तरकारी बालीको लागि एउटै वा छुट्टाछुट्टै पनि बोलाउन सकिनेछ ।

(४) प्रजनन् बीउ र प्रक्षेपित मूल/श्रोत बीउको उत्पादनको वासलात कम्तिमा आगामी तीन वर्षको लागि विभिन्न बाली तथा जात अनुसार तयार गरिनेछ ।

(५) प्रत्येक वर्ष हिउँदे बालीको लागि भदौ र बर्षे बालीको लागि मार्ग मसान्तसम्ममा केन्द्रले आगामी बर्ष उत्पादन गर्नु पर्ने प्रजनन् बीउ र मूल/श्रोत बीउको आवश्यकताको पूर्ण जानकारी परिषद् र विभाग अन्तरगतका सम्बन्धित सबै निकाय तथा निजी क्षेत्रका सम्बन्धित व्यक्ति वा संस्थाहरूलाई उपलब्ध गराउनेछ ।

(६) प्रजनन बीउ उत्पादनमा परिषदले समन्वयकारी भूमिका खेल्नेछ । परिषद् र विभागले आपसमा छलफल र समन्वय गरी प्रजनन् बीउको माग र बिभिन्न भौगोलिक क्षेत्रमा अवस्थित फार्म केन्द्रको

सम्भाव्यताको आधारमा प्रत्येक बर्षको पौष महिना भित्र विभिन्न फार्म तथा अनुसन्धान केन्द्रलाई प्रजनन बीउको उत्पादन लक्ष्य तोकी उत्पादन प्रक्रिया संचालन गराउनेछन् र परिषदले त्यसको जानकारी केन्द्रलाई दिनेछ ।

(७) प्रजनन बीउको गुणस्तर कायम राख्न केन्द्रले विशेषज्ञ सम्मिलित टिमबाट उत्पादन स्थलदेखि प्रशोधन, भण्डारण, प्याकेजिङ्ग, लेवलिङ्ग सम्मको अनुगमनको व्यवस्था मिलाउनेछ । बीउ बिक्रिमा लैजानु अघि हरेक प्याकमा सम्बन्धित उत्पादकको छाप र नियमावलीमा व्यवस्था भए अनुसारका विवरण खुलेको लेवल लगाइएको हुनु पर्छ ।

६. **वर्णसंकर बीउ उत्पादन :** नेपालभित्र परिषद् वा अन्य निकायबाट विकास गरिएको वा विदेशी संस्था वा निकायबाट विकास गरिएको पैत्रिक लाईन प्राप्त गरी वर्णसंकर बीउ उत्पादन गर्न चाहने व्यक्ति वा संस्थाले या आफैले विकास गरेको पैत्रिक लाइनबाट वर्णसंकर बीउ उत्पादन गर्न चाहने व्यक्ति वा संस्थाले निम्न प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

## ६.१ वर्णसंकर बीउ उत्पादनको अनुमति लिनु पर्ने :

(१) आफैले विकास गरेको पैत्रिक लाइनबाट वर्णसंकर बीउ उत्पादन गर्ने अवस्थामा बाहेक वर्णसंकर बीउ उत्पादन गर्न चाहने निजी क्षेत्रका व्यक्ति वा संस्थाले बीउ उत्पादन गर्न आवश्यक पर्ने पैत्रिक लाइन (Parent lines) उपलव्ध गराउन सक्ने स्वदेशी वा विदेशी व्यक्ति वा संस्थासंग आफैले सम्पर्क राखी त्यस्तो पैत्रिक लाइन उपलव्ध गराउन सक्ने प्रमाण लिई राख्नु पर्छ । त्यसको लागि वर्णसंकर बीउ उत्पादन गर्न इच्छुक व्यक्ति वा संस्थाले परिषद वा नेपाल सरकारका अन्य निकायको सहयोग लिन सक्नेछ ।

(२) वर्णसंकर बीउ उत्पादन गर्न चाहने निजी क्षेत्रका व्यक्ति वा संस्थासंग अनुसूचि - १ मा जातीय विकास तथा सम्बर्द्धनको लागि तोकिएको जनशक्ति तथा पूर्वाधार कम्तिमा हुनु पर्छ । यस्का अलावा त्यस्तो व्यक्ति वा संस्थासंग स्वदेश वा विदेशमा वर्णसंकर बीउ उत्पादन सम्बन्धी तालिम लिएको व्यक्ति हुनु पर्नेछ ।

(३) वर्णसंकर बीउ उत्पादन गर्न चाहने निजी क्षेत्रको व्यक्ति वा संस्थाले केन्द्रबाट अनुमतिपत्र प्राप्त गर्नु पर्छ। त्यस्तो व्यक्ति वा संस्थाले आफूसंग भएको जनशक्ति र पूर्वाधारको व्यहोरा खुलाई, पैत्रिक लाइन उपलव्ध हुन सक्ने प्रमाण समेत संलग्न राखी पाँचसय रुपैयाँ दस्तुर सहित वर्णसंकर बीउ उत्पादन गर्ने अनुमतिपत्रको लागि अनुसूचि - ६ को ढाँचामा केन्द्रमा निवेदन दिनु पर्नेछ। निवेदन साथ त्यस्तो व्यक्ति वा संस्थाले कुन बालीको, कति परिमाणमा वर्णसंकर बीउ उत्पादन गर्ने हो सो को विवरण समेत संलग्न राख्नु पर्नेछ।

(४) केन्द्रले निवेदन उपर जाँचबुझ गरी उपयुक्त ठहऱ्याएमा उपदफा (३) बमोजिम निवेदन पेश गर्ने व्यक्ति वा संस्थालाई वर्णसंकर बीउ उत्पादन गर्ने अनुमतिपत्र अनुसूचि - ३ को ढाँचामा प्रदान गर्नेछ।

(५) केन्द्रले प्रदान गर्ने अनुमतिपत्रको अवधि तीन बर्षको हुनेछ।

(६) वर्णसंकर बीउ उत्पादनको कार्यलाई निरन्तरता दिन चाहेमा उपदफा (४) बमोजिम अनुमतिपत्र प्राप्त गरेको व्यक्ति वा संस्थाले अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले तीन महीनाभित्र केन्द्रमा दुईसय रुपैयाँ दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको म्याद नाघेपछि कसैले नवीकरण गराउन नसकेको मनासिव कारण सहित नवीकरणको लागि निवेदन दिन आएमा थप तीन महिनासम्मको लागि केन्द्रले उपदफा (६) बमोजिम लाग्ने दस्तुरमा एकसय रुपैयाँ थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ। सो अवधिभित्र पनि नवीकरण गराउन नआएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

## ६.२ वर्णसंकर बीउ उत्पादन प्रक्रिया र गुणस्तर नियन्त्रणः

(१) वर्णसंकर बीउ उत्पादन गर्न केन्द्रबाट अनुमति प्राप्त गरेका निजी क्षेत्रका व्यक्ति वा संस्थाले त्यस्तो अनुमतिपत्रको प्रतिलिपि संलग्न राखी परिषद् अन्तर्गतका सम्बन्धित निकाय र स्वामित्व प्राप्त निकायसंग पैत्रिक लाईनको उपयोग र उत्पादित बीउको वितरणका बिषयमा लिखित सहमति गरेको हुनु पर्छ।

(२) स्वामित्व प्राप्त निकायको पूर्व अनुमति बेगर वर्णसंकर बीउ उत्पादन गर्ने व्यवसायीहरूले पैत्रिक लाईनको बीउ उत्पादन गर्ने छैन भनि सहमति पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

(३) वर्णसंकर बीउ प्रमाणीकरण वा यथार्थ संकेतपत्र पद्धति अवलम्बन गरी उत्पादन गर्न सकिनेछ । प्रमाणीकरण गर्ने वर्णसंकर बीउको हकमा उत्पादकले बीउ प्रमाणीकरणमा संलग्न निकायका बाली निरीक्षकबाट प्रमाणीकरणको कार्य गराउनु पर्नेछ । यथार्थ संकेतपत्र लगाउने वर्णसंकर बीउको हकमा यथार्थ संकेतपत्र पद्धतिको सम्पूर्ण विधि अवलम्वन गरी उत्पादन गर्ने ब्यक्ति, कम्पनी वा संस्था आफैले गुंणस्तरीय बीउ बजारमा ल्याउने ब्यवस्था मिलाउनु पर्नेछ ।

(४) उत्पादित वर्णसंकर बीउको नमूना जातीय शुद्धता परीक्षणको लागि बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र वा केन्द्रले तोकी दिएको निकायमा र अन्य नियमित परीक्षणको लागि बीउ बिजन परीक्षण प्रयोगशालामा पठाई ती निकायहरूको परीक्षण नतिजामा उत्पादित बीउ असल देखिए मात्र त्यस्तो वर्णसंकर बीउ बिक्रि वितरणमा लैजानु पर्छ ।

(५) उत्पादित वर्णसंकर बीउ डिब्बाबन्दी वा स्तरिय प्याकेटमा प्याक गरी नियमावलीको नियम २१ मा उल्लेख भए अनुसारको विवरण भएको संकेतपत्र राखी बिक्रि वितरण गर्नु पर्छ ।

(६) संकेतपत्र संगसंगै बीउको डिब्बा वा प्याकेटमा जात विकास गर्ने संस्था र उत्पादन तथा बिक्रि वितरण गर्ने संस्था उल्लेख गर्नु पर्छ ।

(७) यदि कुनै बिदेशी कम्पनीले नेपालका बीउ उत्पादकसंग सम्झौता गरी वर्णसंकर बीउ उत्पादन गरी नेपाल बाहिर बिक्रि वितरण (custom seed production) गर्न चाहेमा आफूले बिक्रि गर्न लागेको देशको आवश्यकता पूरा गरी बिक्रि वितरण गर्न सक्नेछन् । यस्तो अवस्थामा दफा ६.२ को उप-दफा (१) देखि (५) सम्म उल्लिखित शर्तहरू पूरा गर्नु पर्ने अनिवार्यता रहने छैन ।

(८) उपदफा (६) बमोजिम नेपाल बाहिर बिक्रि वितरण गरेको बीउको कारणबाट कुनै हानी नोक्सानी पुग्न गएमा त्यसको जिम्मेवार स्वयम् बीउ उत्पादक कम्पनी वा संस्था हुनेछ ।

७. **<u>मूल/श्रोत बीउ र वर्णसंकर बीउ उत्पादन र वितरणको अनुगमन</u> :** प्रजनन् बीउ प्राप्त गरी मूल/श्रोत बीउ उत्पादन गर्ने तथा पैत्रिक लाइन प्राप्त गरी वर्णसंकर बीउ उत्पादन गर्ने निजी क्षेत्रका व्यक्ति वा संस्थाले ठिक प्रक्रिया अपनाई बीउ उत्पादन गरे नगरेको तथा वितरण ठीकसंग भैराखेको वा नभैराखेको अनुगमन जिल्लामा बाली निरिक्षक र केन्द्रमा बीउ बिजन गुणस्तर नियन्त्रण केन्दले गर्नेछ ।

८. **<u>मूल/श्रोत बीउ र वर्णसंकर बीउ उत्पादनको शर्त पालना सम्बन्धी व्यवस्था</u> :** मूल/श्रोत बीउ उत्पादन र वर्णसंकर बीउ उत्पादन गर्न अनुमतिपत्र प्राप्त गरी सो कार्य गर्ने निजी क्षेत्रका व्यक्ति वा संस्थाले तोकिएको प्रक्रिया र शर्त पालना नगरेको अनुगमनका क्रममा पाईएमा बाली निरीक्षकले त्यसको जानकारी जिल्ला कृषि विकास कार्यालय मार्फत केन्दमा पठाउनेछन् । केन्द्रले जिल्ला कृषि विकास कार्यालय मार्फत प्राप्त गरेको जानकारीको आधारमा वा आफैले अनुगमन गर्दा तोकिएको प्रक्रिया र शर्त पालना नगरेको पाएमा त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई सचेत गराई शर्त पालना गर्न लिखित निर्देशन दिन सक्नेछ । लिखित निर्देशन दिंदा पनि तोकिएको प्रक्रिया र शर्त पालना नगरेको खण्डमा त्यस्ता व्यक्ति वा संस्थाको अनुमतिपत्र रद्द गरिनेछ ।

९. **<u>निर्देशिकामा संशोधन</u> :** यो निर्देशिकामा राष्ट्रिय बीउ बिजन समितिको सिफारिसमा नेपाल सरकारले आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न सक्नेछ ।

# अनुसूचि - १

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

<u>जातीय विकास सम्वर्द्धन एवं मूल बीउ उत्पादन सम्बन्धी सूचना</u>

राष्ट्रिय बीउ बिजन समितिको सचिवालयले
मिति २०६२/०८/०४ को गोरखापत्रमा प्रकाशन गरेको सूचनामा आधारित

राष्ट्रिय बीउ बिजन नीति २०५६ अनुसार निजी तथा गैरसरकारीस्तरबाट समेत जातीय विकास सम्वर्द्धन एवं मूल बीउ उत्पादन गराईने व्यवस्थाका लागि राष्ट्रिय बीउ बिजन समितिको मिति २०६०/०५/१९ को निर्णय अनुसार तपसिल बमोजिमको पूर्वाधार र शर्तहरू तोकेको व्यहोरा जानकारीका लागि सूचित गरिन्छ ।

**जातीय विकास तथा सम्वर्द्धन गर्न हुनु पर्ने आवश्यक न्यूनतम पूर्वाधारहरू:**

१. अनुसन्धानका लागि अनिवार्य रुपमा आफ्नो वा ठेक्का (लिज) बाट लिईएका आवश्यक जग्गा ।
२. कम्तीमा एम.एस्सी (एजी) स्तरको प्रजनक (ब्रीडर)
३. एम.एस्सी स्तरको बीउ प्रविधि विज्ञ ।
४. बि.एस्सी स्तरको जनशक्ति (बाली अनुसार छुट्टाछुट्टै ।
५. अन्य जनशक्ति आवश्यकता अनुसार (Multi Disciplinary Team) ।
६. बीउ भण्डार (Seed Godown) आवश्यकता अनुसार ।
७. अन्य आवश्यक उपकरणहरू ।

**पालना गर्नु पर्ने न्यूनतम शर्तहरू:**

१. जातीय विकासको योजना तर्जुमा अनिवार्य रुपमा राष्ट्रिय बीउ बिजन समितिमा पेश गर्नु पर्ने ।
२. सम्बन्धित निकायहरूवाट आवश्यकता अनुसार दिईने निर्देशन/सुझावहरूको पालना गर्नुपर्ने ।

**निजी र गैरसरकारी स्तरमा मूल बीउ उत्पादन गर्न हुनु पर्ने न्यूनतम आवश्यक पूर्वाधारहरू:**

१. बीउबृद्धि गर्ने परिमाणको आधारमा व्यक्ति/समूह/संस्था/कम्पनीले आफ्नो वा ठेक्का (लिज) बाट लिईएको आवश्यक जग्गा ।

२. कम्तिमा एकजना कृषि स्नातक (बीउ उत्पादन गर्ने प्रविधि तालिम प्राप्त गरेको) ।
३. कम्तिमा एकजना बीउ उत्पादन गर्ने प्रविधिको तालिम प्राप्त प्राविधिक ( प्रा.स.सरह) ।
४. बीउ बाली थन्क्याउने सेड ।
५. दाउनी गर्न खलो (थ्रेसिङ्ग फ्लोर) ।
६. उचित क्षमताको बीउ भण्डार गर्ने  गोदामको व्यवस्था ।
७. बीउ प्रशोधन गर्ने उपकरण वा उपयुक्त औजार ।
८. बीउ उपचार गर्ने उपकरण ।
९. बोरा सिउने यन्त्र/सिलर ।
१०. जलांश जांच गर्ने उपकरण ।
११. फ्युमीगेशन गर्न फ्युमीगेशन सिट वा अन्य सामग्री आवश्यकता अनुसार ।
१२. काठको पिरका (पैलेट) आवश्यकता अनुसार ।
१३. आफ्नो कम्पनी वा समूहको लोगो राखिएको लेबुल लगाएको बोरा/ प्याकेजिङ् सामग्री ।

## पालना गर्नु पर्ने न्युनतम शर्तहरू:

१. आधिकारीक निकायवाट बीउ प्रमाणित गराउनुपर्ने र अन्य कुराको हकमा निर्देशिका, नियमावली पालना गर्नुपर्ने ।
२. मूल बीउ उत्पादन गर्नका लागि सूचित गरिएको जातहरूको मात्र मूल बीउ उत्पादन गर्न पाउने ।
३. मूल बीउ उत्पादनका लागि प्रजनन् बीउको माग कम्तीमा तीन वर्ष अगाडि नै गर्नुपर्ने ।
४. मूलबीउ उपचारीत हुनु पर्ने ।
५. बिक्रि वितरण गर्दा संकेतपत्र (लेवल) अनिवार्य रुपमा भएको हुनु पर्ने ।

## अनुसूचि - २

(दफा ४ को उपदफा (४) संग सम्बन्धित)

जातीय विकास तथा सम्वर्द्धनको लागि दिने निवेदन

### बिषयः अनुमतिपत्र पाउं ।

श्री प्रमुखज्यू,
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
....................................

मलाई/हामीलाई निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका, २०७३ को दफा ४, उपदफा (४) ले निर्दिष्ट गरेको परिधि भित्र रही जातीय विकास तथा सम्वर्द्धनको कार्य गर्न इच्छा भएकोले सो कार्य गर्न अनुमतिपत्र पाउँ भनी तोकिएको कागजात थान .............. साथ आफुसंग भएको जनशक्ति तथा पूर्वाधारको विवरण सहित यो निवेदन पेश गरेको छु/ गरेका छौं ।

निवेदकको विवरण:

१. ब्यक्ति/कम्पनी/संस्था/समूहको नाम:
   ठेगाना:
   फोन नं.:
   इमेल:
२. जातीय विकास तथा सम्वर्द्धन कार्य गर्ने स्थानः
   (माथीको भन्दा फरक भएमा)
३. बीउ बिजनको अलावा गर्ने अन्य व्यवसाय (यदि भए) :

संलग्न कागजातहरू

१. सरकारी दस्तुर बुझाएको प्रमाण (बैंक भौचर वा नगदी रसिद)

२. बीउ उत्पादन क्षेत्रमा हासिल गरेको अनुभव खुल्ने कागजात

३. आफ्नो वा ठेक्का (लिज) मा लिइएको जग्गाको विवरण

४. अनुसूचि -१ मा उल्लेख भए अनुसारको जनशक्ति कार्यरत रहेको विवरणः

| क.स. | पद | कर्मचारीको संख्या | शैक्षिक योग्यता | लिएको तालिम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| जम्मा | | | | |

५. बीउ भण्डारण गर्न सक्ने क्षमता सम्बन्धी विवरण
६. आफूसंग भएको बीउ उत्पादन तथा प्रशोधनमा प्रयोग हुने उपकरणको विवरण
७. राष्ट्रिय बीउ बिजन समितिमा पेश गरेको जातीय विकासको योजना

निवेदकको हस्ताक्षरः

निवेदकको नामः

पद (यदि कम्पनी तथा संघ संस्था भएमा):

नागरिकता नं र जिल्लाः

फोन नंः

मितिः

..................................................................................

कार्यालय प्रयोजनका लागि

निवेदन प्राप्त मितिः

निर्णय र निर्णय मितिः

# अनुसूचि - ३

(दफा ४ को उपदफा (५), दफा ५.१ को उपदफा (३), र दफा ६.१ को उपदफा (४) संग सम्बन्धित)

जातीय विकास तथा सम्बर्द्धन र बीउ बिजन उत्पादनको लागि प्रदान गरिएको अनुमतिपत्र

नेपाल सरकार

कृषि विकास मन्त्रालय

बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

........................

## अनुमतिपत्र

अनुमतिपत्र नं. जारी मितिः

यस केन्द्रको मिति ....................... को निर्णय अनुसार निम्न बमोजिमको विवरण भएका श्री ....................................... लाई निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका, २०७३ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

## विवरण

१. अनुमतिपत्रको प्रयोजन :

| क.सं. | प्रयोजन | अनुमतिपत्र प्रदान गर्ने अधिकारीको दस्तखत |
|---|---|---|
| १ | जातीय विकास तथा सम्वर्द्धन | |
| २ | मूल/श्रोत बीउ उत्पादन | |
| ३ | वर्णसंकर वीउ उत्पादन | |

२. प्रोप्राईटर/व्यवस्थापकको :
नाम, थरः
स्थायी ठेगानाः
हालको ठेगानाः

३. कम्पनी/संस्था/समूहको ठेगानाः..............................
प्रमुख : बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

नेपाल सरकार

कृषि विकास मन्त्रालय

बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

.......................

## अनुमतिपत्रको नविकरण विवरण

अनुमतिपत्र नं. : जारी मिति :

| नविकरण मिति | नविकरण अवधी | | नविकरण दस्तुर बुझाएको रसिद/भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |

# अनुसूचि - ४

(दफा ५.१ को उपदफा (२) संग सम्बन्धित)

मूल/श्रोत  बीउ उत्पादन गर्नको लागि अनुमतिपत्र पाउँ भनी दिने निवेदन

**बिषयः अनुमतिपत्र पाउँ ।**

श्री प्रमुखज्यू,
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
..................................

मलाई/हामीलाई निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका, २०७३ को दफा ५.१ मा उल्लेख भए बमोजिम मूल/श्रोत  बीउ उत्पादन गर्ने इच्छा भएकोले सो कार्य गर्न अनुमतिपत्र पाउँ भनी तोकिएको कागजात थान ............. साथ आफुसंग भएको जनशक्ति तथा पूर्वाधारको विवरण सहित यो निवेदन पेश गरेको छु/गरेका छौं ।

**निवेदकको विवरणः**

१. व्यक्ति/कम्पनी/संस्था/समूहको नामः
   ठेगानाः    फोन नं.:    इमेलः
२. मूल/श्रोत  बीउ उत्पादन गर्ने स्थानः  (माथीको भन्दा फरक भएमा)
३. बीउ बिजनको अलावा गर्ने अन्य व्यवसाय (यदि भए) :

**संलग्न कागजातहरू**

१. सरकारी दस्तुर बुझाएको प्रमाण (बैंक भौचर वा नगदी रसिद)

२. आफ्नो वा ठेक्का (लिज) मा लिइएको जग्गाको विवरण

३. अनुसूचि १ मा उल्लेख भए अनुसारको जनशक्ति कार्यरत रहेको विवरणः

| क्र.स. | पद | कर्मचारीको संख्या | शैक्षिक योग्यता | लिएको तालिम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| जम्मा | | | | |

४. बीउ भण्डारण गर्न सक्ने क्षमता सम्बन्धी विवरण

५. आफूसंग भएको बीउ उत्पादन तथा प्रशोधनमा प्रयोग हुने उपकरणको विवरण (न्यूनतममा पनि अनुसूचि - १ मा उल्लिखित औजार उपकरण हुनु अनिवार्य छ ।

**निवेदकको हस्ताक्षरः**

निवेदकको नामः
पद (यदि कम्पनी तथा संघ संस्था भएमा):
नागरिकता नं र जिल्लाः
फोन नंः    मितिः

..........................................................................................................

कार्यालय प्रयोजनका लागि
निवेदन प्राप्त मितिः
निर्णय र निर्णय मितिः

## अनुसूचि - ५

(दफा ५.२ को उपदफा (१) संग सम्बन्धित)

तीन बर्षको मूल/श्रोत बीउ उत्पादन प्रक्षेपण र आवश्यक पर्ने प्रजनन् बीउ

१. प्रजनन् बीउ माग गर्ने संस्थाको नामः

२. ठेगानाः

३. उत्पादन गरिने बिभिन्न स्तरको बीउको परिमाण र आवश्यक प्रजनन् बीउ -के.जी)

| **क.सं** | **बाली** | **जात** | **प्रमाणित वा उन्नत** | **मूल/श्रोत** | **प्रजनन्** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आधिकारिक दस्तखतः

दस्तखत गर्ने व्यक्तिको नामः

मितिः

## अनुसूचि - ६

(दफा ६.१ को उपदफा (३) संग सम्बन्धित)

वर्णसंकर बीउ उत्पादन गर्नको लागि अनुमतिपत्र पाउँ भनी दिने निवेदन

**बिषयः अनुमतिपत्र पाउं ।**

श्री प्रमुखज्यू,
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
..................................

मलाई/हामीलाई निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका, २०७३ को दफा ६.१ मा उल्लेख भए बमोजिम वर्णसंकर बीउ उत्पादन गर्ने इच्छा भएकोले सो कार्य गर्न अनुमतिपत्र पाउँ भनी तोकिएको कागजात थान ............. साथ आफुसंग भएको जनशक्ति तथा पूर्वाधारको विवरण सहित यो निवेदन पेश गरेको छु/गरेका छौं ।

**निवेदकको विवरणः**

१. व्यक्ति/कम्पनी/संस्था/समूहको नामः
   ठेगानाः फोन नं.: इमेलः
२. वर्णसंकर बीउ उत्पादन गर्ने स्थानः (माथीको भन्दा फरक भएमा)
३. बीउ बिजनको अलावा गर्ने अन्य व्यवसाय (यदि भए) :

**संलग्न कागजातहरू**

१. सरकारी दस्तुर बुझाएको प्रमाण (बैंक भौचर वा नगदी रसिद)
२. स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाबाट पैत्रिक लाइन उपलब्ध हुन सक्ने प्रमाण
३. तीन बर्षको वर्ण शंकर बीउ उत्पादन योजना तथा उत्पादन प्रक्षेपण
४. आफ्नो वा ठेक्का (लिज) मा लिइएको जग्गाको विवरण
५. अनुसूचि - १ मा उल्लेख भए अनुसारको जनशक्ति कार्यरत रहेको विवरण :

| क्र.स. | पद | कर्मचारीको संख्या | शैक्षिक योग्यता | लिएको तालिम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| जम्मा | | | | |

६. बीउ भण्डारण गर्न सक्ने क्षमता सम्बन्धी विवरण
७. आफूसंग भएको बीउ उत्पादन तथा प्रशोधनमा प्रयोग हुने उपकरणको विवरण

**निवेदकको हस्ताक्षर :**

निवेदकको नाम :
पद (यदि कम्पनी तथा संघ संस्था भएमा) :
नागरिकता नं र जिल्ला : फोन नंः मितिः

...........................................................................................................

कार्यालय प्रयोजनका लागि
निवेदन प्राप्त मिति :
निर्णय र निर्णय मिति :

# बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता सम्बन्धी निर्देशिका, २०७३

(नेपाल सरकारबाट स्वीकृत मितिः २०७३/५/१५)

**प्रस्तावना :** अनुसन्धानबाट विकसित तथा अन्य तरिकाबाट खेती गर्न उपयुक्त भनी पहिचान भएका बालीका नयाँ जातहरूको अनुमोदन, उन्मोचन र दर्ता गर्ने प्रक्रियालाई स्पष्ट र सरल बनाउन वाञ्छनीय भएकोले, बीउ बिजन नियमावली २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "बीउ बिजनको अनुमोदन, उन्मोचन, र दर्ता सम्बन्धी निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०६९ सम्झनु पर्छ ।

(ग) "सूचित बीउ बिजन" भन्नाले राष्ट्रिय बीउ बिजन समितिबाट उन्मोचन वा दर्ता गर्ने निर्णय भै नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको भौगोलिक क्षेत्रमा खेती गर्न सिफारिस गरिएका बालीका जातहरूको बीउ सम्झनु पर्छ ।

(घ) "जात अनुमोदन" भन्नाले जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिबाट उन्मोचन वा दर्ता गर्ने निर्णय भै आएका जातहरूलाई राष्ट्रिय बीउ बिजन समितिबाट पारित गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "जात उन्मोचन" भन्नाले देशभित्र विकास गरिएका बालीका नयाँ जातहरूलाई कम्तिमा तीन सिजनसम्म देशको विभिन्न भौगोलिक आवहवामा लगातार परीक्षण गर्दा उत्कृष्ट देखिएमा त्यस्ता जातलाई राष्ट्रिय बीउ बिजन समितिले अनुमोदन गरी विभिन्न भौगोलिक क्षेत्रमा खेती गर्न सिफारिस गर्ने कार्य सम्झनु पर्छ ।

(च) "जात दर्ता (पञ्जीकरण)" भन्नाले देशभित्र वा बाह्य मुलुकमा विकास गरिएका बालीका नयाँ जातहरूलाई कम्तिमा दुई सिजनसम्म देशको विभिन्न भौगोलिक आवहवामा लगातार परीक्षण गर्दा उत्कृष्ट पाइएका एवम् खेतीपातिका लागि उपयुक्त देखिएका बालीका स्थानीय रैथाने जातहरूलाई राष्ट्रिय बीउ बिजन समितिले

विभिन्न भौगोलिक क्षेत्रको लागि खेती गर्न सिफारिस गर्ने कार्य सम्झनु पर्छ ।

**३. बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता :**

(१) नेपाल कृषि अनुसन्धान परिषद् वा अन्य स्वदेशी कम्पनी तथा संघ/संस्थाले नेपालमा विकास गरेको नयाँ जात, विदेशमा विकास भएको जात, र स्थानीय रैथाने जात विभिन्न आवहवामा परीक्षण गरेको नतिजा सहित जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति समक्ष जात उन्मोचन वा दर्ता (पञ्जीकरण) को लागि १० प्रति लिखित प्रस्ताव र प्रस्तावको सफ्ट कपि सहित नियमावलीको अनुसूची-१ मा दिइएका मध्ये उपयुक्त हुने खालको निवेदन पेश गर्नु पर्नेछ । प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा तयार गर्न सकिनेछ र त्यसको ढाँचा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नेपाल कृषि अनुसन्धान परिषद् वा निजी तथा गैर सरकारी संस्थाले आफूले एक्लै वा अन्य स्वदेशी वा विदेशी संघ/संस्थासंगको सहकार्यमा नेपालमा विकास गरेको नयाँ जात विभिन्न भौगोलिक आवहवामा कम्तीमा तीन सिजनसम्म लगातार परीक्षण गर्दा उपयुक्त पाइएमा समितिले त्यस्तो जात उन्मोचन गर्न सक्नेछ । जात उन्मोचनको लागि प्रस्तावकले नियमावलीको अनुसूची-१, खण्ड (क) बमोजिमको निवेदन दिनु पर्नेछ ।

(३) नेपालमै विकास गरिएको तर उन्मोचनको प्रक्रियामा जाँदा लामो समय लाग्ने र त्यसरी लाग्ने समयावधिमा किसानले या त कमसल जातको बीउ लगाउनु पर्ने या चाहेको जस्तो उत्पादन दिने विदेशी जातमा भर पर्नु पर्ने अवस्था विद्यमान भए समितिले दुई सिजनको परीक्षण नतिजाको आधारमा त्यस्तो जातलाई दर्ता (पञ्जीकरण) गरी खेतीपातिको लागि सिफारिस गर्न सक्छ । यस्तो जात दर्ताको लागि प्रस्तावकले नियमावलीको अनुसूची-१, खण्ड (ख) बमोजिमको निवेदन दिनु पर्नेछ ।

(४) किसानहरूलाई जातीय छनौट उपलब्ध गराई उनीहरुले चाहेको जस्तो गुण भएको बीउ लगाउन पाउने अवस्था श्रृजना गर्न विदेशमा विकास भएको जात दर्ता गर्ने व्यवस्था नियमावलीको नियम १२ को उपनियम (१) मा गरिएको छ । यस्तो जात समितिले दर्ता (पञ्जीकरण) गर्न मुलुकको विभिन्न भौगोलिक आवहवामा कम्तीमा दुई सिजनसम्म लगातार अनुसन्धानकर्ताले अनुसन्धान व्यवस्थापन गरी परीक्षण गर्दा उत्कृष्ट ठहरिनु पर्नेछ । यस्तो जात दर्ताको लागि प्रस्तावकले नियमावलीको अनुसूची-१, खण्ड (ग) बमोजिमको निवेदन दिनु पर्नेछ ।

(५) समितिले नेपालमा परम्परादेखि खेती गरिँदै आएको स्थानीय जात दर्ता गरी खेतीपातिको लागि सिफारिस गर्न सक्नेछ । यस्तो जात दर्ताको लागि प्रस्तावकले नियमावलीको अनुसूची-१, खण्ड (घ) बमोजिमको निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (२) देखि (५) सम्म उल्लेख गरिएका विभिन्न जातहरू उन्मोचन वा दर्ता (पञ्जीकरण) को लागि पेश गरिएको प्रस्तावलाई राय, सुझाव एवम् प्रतिक्रिया

पठाई दिन समितिको सचिवालयले दफा ५ बमोजिम गठन हुने प्राविधिक उपसमितिका पदाधिकारी एवम् सम्बन्धित अन्य निकायमा पठाउनेछ ।

(७) प्राविधिक उपसमितिका पदाधिकारी एवम् सम्बन्धित अन्य निकायहरूले प्रस्ताव प्राप्त भएको १५ दिनभित्र आफ्नो राय, सुझाव एवम् प्रतिक्रिया समितिको सचिवालयमा पठाउनु पर्नेछ ।

(८) समितिको सचिवालयले प्राप्त राय, सुझाव एवम् प्रतिक्रियाहरूलाई समेटी परिमार्जित प्रस्ताव तयार गर्न राय, सुझाव एवम् प्रतिक्रियाको प्रतिलिपि प्रस्तावकर्तालाई उपलब्ध गराउनेछ ।

(९) प्रस्तावकर्ताबाट परिमार्जित प्रस्ताव प्राप्त भएपछि उपयुक्त समयमा प्राविधिक उपसमितिका संयोजकको संयोजकत्वमा बैठक बसी प्रस्ताव उपर छलफल गरी निर्णय लिइनेछ । बैठकले प्रस्तावलाई सोझै या परिमार्जन सहित जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिमा पठाउने वा अस्वीकृत गर्नेछ । प्राविधिक उपसमितिले परिमार्जन सहित जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिमा पठाउने निर्णय गरेको खण्डमा छलफलमा उठेका विषयलाई समेटी प्रस्तावकले प्रस्ताव परिमार्जन गरेर समितिको सचिवालयमा पेश गर्नु पर्नेछ ।

(१०) पुनः परिमार्जित प्रस्ताव प्राप्त भएपछि समितिको सचिवालयले उपयुक्त समयमा नियमावलीको नियम ४ बमोजिम कृषि विभागका महानिर्देशकको अध्यक्षतामा गठन हुने जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिको बैठक राखी छलफल गराउनेछ । यो बैठकले पनि प्राविधिक उपसमितिको बैठकले जस्तै प्रस्तावलाई सोझै या परिमार्जन सहित समितिमा पठाउने वा अस्वीकृत गर्ने निर्णय लिनेछ । बैठकले परिमार्जन सहित प्रस्तावलाई समितिमा पठाउने निर्णय गरेको खण्डमा छलफलमा उठेका विषयलाई समेटी परिमार्जन गर्ने काम प्रस्तावकले नै गर्नु पर्नेछ ।

(११) जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिबाट जात उन्मोचन वा दर्ता (पञ्जीकरण) को सिफारिस भएका सबै प्रस्तावहरू ऐनको दफा ३ बमोजिम कृषि विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षता गठन हुने समितिको बैठकमा पेश गरिनेछन् ।

(१२) समितिले जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिबाट बिभिन्न भौगोलिक क्षेत्रका लागि सिफारिस गरेका जातहरू अनुमोदन गरी उन्मोचन या दर्ता (पञ्जीकरण) गर्ने वा प्रस्ताव अस्वीकृत गर्ने निर्णय लिनेछ ।

(१३) समितिबाट उन्मोचन वा दर्ता (पञ्जीकरण) गर्ने निर्णय भएका जातहरू सूचित गर्ने प्रक्रिया समितिको सचिवालयबाट आरम्भ गरिनेछ । जातहरुको सूची नेपाल राजपत्रमा प्रकाशन भैसकेपछि त्यस्ता जातहरूको बीउ बिजनको व्यवसायिक कारोवार गर्न पाइनेछ ।

४. **<u>नयाँ जात उन्मोचन वा दर्ताको लागि प्रस्ताव पेश गर्ने समयावधि</u> :** बर्षे बालीका नयाँ जात उन्मोचन वा दर्ताको लागि चैत्रदेखि असारसम्म र हिउँदे बालीका लागि भाद्रदेखि मंसिरसम्ममा उपसमितिमा प्रस्ताव पेश गर्नु पर्नेछ। केन्द्रले प्राप्त प्रस्तावहरूको छलफल तथा निर्णय समितिबाट बर्षे बालीको लागि भाद्रदेखि चैत्रसम्म र हिउँदे बालीको लागि पौषदेखि असारसम्ममा गराउने गरी कार्यक्रम तय गर्नु पर्नेछ।

५. **<u>प्राविधिक उपसमितिको गठन</u> :** (१) नयाँ जातहरूको उन्मोचन तथा दर्ता प्रक्रियालाई सहज एवम् सरल बनाउनका लागि प्रस्तावको अध्ययन गरी प्रतिक्रिया उपलब्ध गराउन र जातिय विशेषता, रोगकीराको प्रकोप, भौगोलिक क्षेत्रमा परीक्षण भएको तथ्याङ्क, बीउको अवस्था, आदि विषयमा प्रथम चरणमा विस्तृत छलफल गरी उपयुक्त तथा राम्रा जातहरूलाई जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिमा सिफारिस गर्नको लागि तपसिल बमोजिमका पदाधिकारीहरू भएको एक प्राविधिक उपसमिति रहनेछ।

(क) सदस्य सचिव, राष्ट्रिय बीउ बिजन समिति संयोजक

(ख) प्रमुख, कृषि वनस्पति महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् सदस्य

(ग) प्रमुख, कीट विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् सदस्य

(घ) प्रमुख, बाली रोग विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् सदस्य

(ङ) प्रमुख, माटो विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् सदस्य

(च) प्रमुख, सम्बन्धित बाली महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् सदस्य

(छ) निर्देशक, सम्बन्धित बाली निर्देशनालय सदस्य

(२) प्रस्तावक, सम्बन्धित बाली अनुसन्धान कार्यक्रमको प्रमुख, जात विकास वा परीक्षणमा प्रत्यक्ष संलग्न हुने प्रजनक, तथा सम्बन्धित विषय विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ।

६. **<u>प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकार</u> :** (१) प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय बीउ बिजन समिति र जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिबाट भएका निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने।

(ख) जात उन्मोचन वा दर्ताको लागि पेश भएका प्रस्ताव उपर प्राविधिक उपसमितिमा अध्ययन एवम् छलफल गरी आफ्नो राय, सुझाव र निष्कर्ष दिने।

(ग) उन्मोचन वा दर्ता भएका कुनै जातलाई सूचीबाट हटाउन आवश्यक देखिएमा उपसमितिमा छलफल गरी हटाउन पर्ने मनासिव कारण सहित जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिमा सिफारिस गर्ने ।

(घ) आवश्यकता अनुसार खडाबाली निरीक्षण गर्ने ।

(२) प्राविधिक उपसमितिको बैठक सम्बन्धी अन्य कार्यविधि नियमावलीको नियम १० को उपनियम (१) देखि (५) सम्म उल्लेख गरिए अनुसार हुनेछ ।

(३) प्राविधिक उपसमितिको बैठकको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ ।

**७. विविध :** (१) प्रस्तावकले प्राविधिक उपसमितिबाट उन्मोचन वा दर्ताको लागि सिफारिस भएको जातको नमूना राष्ट्रिय आनुवंशिक स्रोत केन्द्र, खुमलटारमा पेश गरी त्यहाँ दर्ता गरेको प्रमाण र नम्बर जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिमा पेश गर्नु पर्नेछ ।

(२) जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिमा छलफल गर्नु अघि प्रस्तावकले नेपाली भाषामा लेखिएको नयाँ जातको जातीय गुण एवम् खेती प्रविधिको छोटो परिचय केन्द्रमा पेश गर्नुपर्नेछ । समितिको बैठक बस्नु अगाडि प्रस्तावकले जातीय गुण एवम् खेती प्रविधि समेटिएको परिमार्जित पुस्तिका २० प्रतिका दरले र सो को सफ्ट कपि समितिको सचिवालयमा पेश गर्नु पर्नेछ ।

(३) अनुसन्धानकर्ताले नयाँ जातको जातीय परीक्षण प्रत्येक वर्ष उही भौगोलिक क्षेत्रमा लगातार गरेको र कृषकको खेतबारीमा समेत परीक्षण भएको आधारमा मात्र जात उन्मोचन वा दर्ता (पञ्जीकरण) गरी सिफारिस क्षेत्र तोकिनेछ । कृषकको खेतबारीमा परीक्षण गर्ने क्रममा निजी क्षेत्रका सम्भावित बीउ बिजन उत्पादकलाई समेत संलग्न गराउनु पर्नेछ ।

**८. निर्देशिकामा संशोधन :** यो निर्देशिकामा राष्ट्रिय बीउ बिजन समितिको सिफारिसमा नेपाल सरकारले आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न सक्नेछ ।

# शीघ्र प्रशारण तथा अनुशरणका लागि पूर्व उन्मोचित बालीका जातहरूको बीउ उत्पादन सम्बन्धी प्रस्तावना

(नेपाल सरकारबाट स्वीकृत मितिः २०७३/४/२१)

## परिचय

नयाँ जातको विकास, उन्मोचन, र अनुशरण प्रक्रियामा निजी क्षेत्रलाई समावेश गर्न सकिने अवसर र स्थानको पहिचान गर्ने हेतुले यो दस्तावेज तयार गरिएको छ। निजी क्षेत्रको संलग्नताले नयाँ जातको उन्मोचनदेखि यसको अनुशरण हुँदासम्म लाग्ने समय घटाउन सकिन्छ भन्ने विश्वासका आधारमा यो पत्र तयार गरिएको हो।

## पृष्ठभूमि

बीउ मूल्य श्रृङ्खलामा बालीको जात विकासदेखि व्यवसायिक बाली उत्पादकहरूलाई गुणस्तरीय बीउको आपूर्तिसम्म विभिन्न पात्रहरू संलग्न हुन्छन्। बीउ बिजनको दीर्घकालीन राष्ट्रिय सोच २०१३(२०२५ मा उल्लेख भए अनुसार बीउ मूल्य श्रृङ्खलामा पाँच चरणहरू हुन्छन् (बी.बि.गु.नि.के.-२०१३)। ती चरणहरू यस प्रकार छन्: जातीय विकास तथा सम्वर्द्धन, बीज वृद्धि, बीउ प्रशोधन र तयारी, बीउ बजारीकरण र बीउको उपयोग। सार्वजनिक क्षेत्र, विशेष गरी नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले जातीय विकास तथा सम्बर्द्धनमा प्रमुख भूमिका निर्वाह गर्छ। बीज वृद्धिको सवालमा, नार्कले सबै प्रजनन् बीउ र लगभग आधा जति मूल बीउ उत्पादन गर्छ। बाँकी मूल बीउ सरकारी फार्म तथा निजी क्षेत्र (बीउ बिजन कम्पनी, सहकारी संस्था, कृषक समूह र बीउ उत्पादक किसानहरू) ले उत्पादन गर्छन्। लगभग सबै जसो प्रमाणित र उन्नत बीउ निजी बीउ उत्पादकहरूले खासगरी उनीहरू र बीउ बिजन कम्पनी र सहकारी संस्थाका बीचमा भएको करार सम्झौता बमोजिम उत्पादन गर्छन्। त्यसैगरी, नयाँ जातको बीउ उत्पादक किसानहरू समक्ष नपुग्दासम्म बीउ मूल्य श्रृङ्खलाका बाँकी सबै चरणहरूमा निजी क्षेत्रको प्रमुख भूमिका रहने गर्छ। यो छलफलले बढी उत्पादन दिने बालीका नयाँ जातहरूको बीउ कृषक समक्ष पुऱ्याउने कार्यमा निजी क्षेत्रको अहम् भूमिका हुन्छ भन्ने सुझाव दिन्छ।

नयाँ जात विकासको क्रममा क्रसिंग, छनौट र परीक्षण जस्ता शुरुका क्रियाकलापहरू अनुसन्धान फार्मरकेन्द्रमा संचालन गरिन्छ भने कृषकको खेतबारीमा गरिने समन्वयात्मक परीक्षण (सि.एफ.एफ.टी) र कृषकको स्वीकार परीक्षण (एफ.ए.टी.) जस्ता पछिल्ला चरणका क्रियाकलापहरू कृषक (बीउ प्रयोगकर्ता) को खेतबारीमा गरिने हुनाले बीज वृद्धि, बीउ प्रशोधन र तयारी, तथा बीउ बजारीकरणमा संलग्न पात्रहरू जात विकाससंग सम्बन्धीत विषयमा पूर्णतया बेखवर हुन्छन्। फलस्वरूप, मुख्य रुपले यी तिन चरणमा संलग्न हुने बीउ बिजन कम्पनीहरू, कृषक सहकारीहरू, कृषक समूहहरू, र बीउ बिजन व्यापारीहरू

उन्मोचन वा दर्ता हुनु पूर्व दर्ता हुने क्रममा रहेको जातको जातीय गुण र क्षमताका बारेमा अनभिज्ञ रहने गर्दछन् । साथै, खेतबारीमा हुने परीक्षणमा समावेस नहुने कृषकहरू र जि.कृ.वि.का.मा कार्यरत प्रसार कर्मचारीहरूलाई त्यस्ता जातहरूको बारेमा जानकारी दिने संयन्त्रको पनि अभाव छ । त्यसैले, यस्ता जातहरू बीउ व्यवसायमा संलग्न सबै सरोकारवालाहरू माझ परिचित हुन थप केही बर्ष लाग्ने गर्छ । नेपालको सन्दर्भमा विशेष गरी अन्नबालीको नयाँ जात उन्मोचन भए पछि कृषकहरू माझ परिचित हुन करिव ७(८ बर्ष समय लाग्ने गरेको छ । बीउको अपर्याप्तता तथा जात विकास प्रक्रियामा संलग्न नभएका बीउ उत्पादकहरूलाई गुणस्तर र स्वभावका बारेमा जानकारीको अभाव नयाँ जातको शीघ्र प्रशारण नहुनुका मूल कारक मानिएका छन् ।

## औचित्य र उद्देश्य

बालीका जातको बीज वृद्धि गर्ने कार्य निजी बीउ व्यवसायीको मुनाफासंग सिधै सरोकार राख्ने विषय हो । त्यसैले बीज वृद्धि गर्नको लागि व्यवसायीहरू जातको गुणस्तर र क्षमताका बारेमा पूर्ण जानकार हुनु पर्छ । व्यवसायीहरूले मुनाफा र अन्य फाइदाका बारेमा निर्धक्क हुन सके भने बीज वृद्धिका अलावा आफ्ना ग्राहकहरूलाई नयाँ जातको प्रशारण र प्रवर्द्धन गर्ने काममा चासो दिन्छन् र जिम्मेवारी बोध समेत गर्छन् । जातको विकास एवम् त्यसको उन्मोचन र अनुशरणका बीचको समयावधि घटाउनु पर्ने आवश्यकतालाई महशूश गरी यो प्रस्तावनामा निजी क्षेत्रलाई नयाँ जातको विकास, उन्मोचन र अनुशरण प्रक्रियामा समावेश गर्न सकिने अवसर र ठाउँको पहिचान गर्ने उद्देश्य राखिएको छ । यो प्रस्तावनामा निजी क्षेत्र भन्नाले एग्रोभेट डिलर, सहकारी संस्था, दर्तावाला बीउ उत्पादक (समूह र व्यक्ति) र निजी बीउ बिजन कम्पनी सम्झनु पर्छ ।

## अनुमान र धारणा

प्रस्तावित जातीय विकासको मोडेलबाट निम्न अपेक्षा राखिएको छः

१. तल्लो तहसम्म फराकिलो संजाल र सम्पर्क रहेका बीउ बिजन उत्पादकहरूमा निर्धक्कपन र अपनत्व भावको विकास गर्नेछ जसले कृषकहरूलाई नयाँ उन्मोचन भएका जातहरूको बीउ समयमै प्राप्त गर्न सहयोग पुऱ्याउनेछ ।
२. उचित समयमा गुणस्तरीय बीउको उपलब्धता वृद्धि हुनेछ ।
३. बीउ प्रतिस्थापन दर (एस.आर.आर.) बढाई बालीको उत्पादन वृद्धि गर्ने बीउ बिजनको दीर्घकालीन राष्ट्रिय सोचको लक्ष्य पूरा गर्न सहयोग पुग्नेछ ।
४. अनुसन्धान, प्रसार, बीउ बिजन व्यवसायी र कृषक बिचको दुरी घटाउनेछ ।

**प्रस्तावित मोडेल**

जबसम्म नयाँ जातको जातीय विशेषता तथा क्षमताका बारेमा सबैलाई जानकारी हुँदैन र कृषकले खोजेको समयमा बीउ पाउँदैनन् तबसम्म नयाँ जातको अनुशरण हुने आशा राख्न सकिँदैन वा अनुशरण भई हाले पनि अति नै सुस्त गतिमा हुन्छ। अनुशरणको गतिलाई द्रुत बनाउनका लागि अनुसन्धानकर्ताहरूको प्रधानता रहेको हालको अनुसन्धान प्रक्रियालाई बढी सहभागितामूलक जातीय छनौट ( पी.भी.एस.) पद्दतिमा रुपान्तरण गर्नु अति नै आवश्यक छ। यो काम गर्नका लागि अनुसन्धान प्रक्रियामा नै केही संशोधन गरी महत्वपूर्ण सरोकारवालाहरू ( कृषक र बीउ व्यवसायी) लाई उपयुक्त तहदेखि नै परीक्षण प्रक्रियामा समावेश गर्नु पर्ने हुन्छ। निम्नलिखित तालिकाले अहिले प्रचलनमा रहेको अनुसन्धान प्रक्रिया र प्रस्तावित संशोधनको एउटा झलक दिन्छ :

**तालिका १:** हाल प्रचलनमा रहेको बालीको जात विकास कार्यक्रमका मूख्य मूख्य क्रियाकलाप र चरण तथा जात विकासको नयाँ पद्दतिमा प्रस्तावित क्रियाकलापहरू

| चरण हरू | क्रियाकलाप | नतिजा | प्रचलित पद्दति | प्रस्तावित पद्दति |
|---|---|---|---|---|
| १ | अवलोकन नर्सरीको स्थापना (स्थानीय, क्रसिंगबाट प्राप्त वा अन्तराष्ट्रिय केन्द्रबाट प्राप्त बीउ) | उपयुक्त फेनोटैपिक र जेनोटैपिक चरित्र भएको लाइनको छनौट | अनुसन्धानकर्ताको काम | अनुसन्धानकर्ताको काम |
| २ | प्रारम्भिक मूल्यांकन परीक्षण | उचित फेनोटैपिक र जेनोटैपिक चरित्र र उत्पादन दिने गुणका लागि लाइनको अरु बढी छनौट | अनुसन्धानकर्ताको काम | अनुसन्धानकर्ताको काम |
| ३ | समन्वयात्मक जातीय परीक्षण (सि.भी.टी) | फेनोटैपिक र जेनोटैपिक चरित्र र उत्पादन दिने गुणका आधारमा उपयुक्त जातको छनौट | अनुसन्धानकर्ताको काम | जातको मूल्यांकनमा प्रसारकर्मी र बीउ व्यवसायीहरूको सह भागिता |
| ४ | कृषकको खेतबारीमा गरिने समन्वयात्मक परीक्षण (सि.एफ.एफ.टी) | माथिका सुचकह रूमा आधारित रहेर कृषकको खेतबारीमा उपयुक्त जातको छनौट हुने | अनुसन्धानकर्ता र कृषकको काम, प्रसारकर्मीको न्यून सहभागिता हुने र बीउ व्यवसायीको सह | अनुसन्धानकर्ता र कृषकका आतिरिक्त प्रसारकर्मी र बीउ व्यवसायीको समेत पूर्ण सहभागिता हुने |

| | | | | |
|---|---|---|---|---|
| | | | भागिता नहुने | |
| ५ | कृषकको खेतबारीमा गरिने परीक्षण (एफ.एफ.टी.) र कृषकको स्वीकारोक्ति परीक्षण (एफ.ए.टी.) संगै बीउ उत्पादन | कृषकले सामान्य अवस्थामा खेती गर्ने तरिकामै परीक्षण गर्ने बाली लगाउने तथा कृषकको आफ्नो रुचि अनुसार जातको छनौट र राम्रा ठहरिएका जातको बीउ उत्पादन गर्ने | अनुसन्धानकर्ता र कृषकको काम, प्रसारकर्मीको न्यून सहभागिता | कृषकको स्वीकारोक्ति परीक्षण (एफ.ए.टी.) जि.कृ.वि.का. को अगुवाईमा र बीउ उत्पादन अनुसन्धानकर्ताको सु परिवेक्षणमा बीउ व्यवसायीले गर्ने |
| ६ | जातको उन्मोचन वा दर्ता | जातको उन्मोचन वा दर्ता हुने | नेशनल सिड बोर्ड (एन.एस.बि.) | नेशनल सिड बोर्ड (एन.एस.बि.) |
| ७ | नयाँ जातको अनुशरण र वितरण | सार्वजनिक र निजी क्षेत्रबाट बीउ उत्पादन र आपूर्ति हुने | प्रसारकर्मीको न्यून सहभागिता र बीउ बिजन व्यवसायीको संलग्नता जात उन्मोचन भएको २-३ बर्ष पछि शुरु हुने | अनुसन्धान, प्रसार, बीउ व्यवसायी र कृषकको संयुक्त प्रयास |

माथि दिइएको तालिका १ बाट के प्रष्ट हुन्छ भने निजी क्षेत्र र प्रसारकर्मीलाई चरण ३ देखि सहभागी गराई परम्परागत पद्दतिमा सुधार ल्याउन सकिन्छ। प्रारम्भमा नयाँ जातको परीक्षण र उन्मोचन गर्ने यो पद्दति कृषि तथा खाद्य सुरक्षा आयोजना (ए.एफ.एस.पी.) ले आफ्नो कार्यक्षेत्रमा अनुशरण गर्नेछ। समय र पैसा दुवैको बचत हुने र नयाँ विकासरउन्मोचन भएका जातहरूको अनुशरणमा तीव्रता ल्याउने हुनाले प्रस्तावित परिवर्तन पुरै देशभरी नै विस्तारै अनुशरण हुँदै जानेछ।

## बीउ उत्पादन व्यवस्था

तालिका १ मा देखाइए अनुसार अनुसन्धान प्रक्रियाको समन्वयात्मक जातीय परीक्षण (सि.भी.टी.) चरण (चरण ३) बाट प्रसारकर्मी, बीउ व्यवसायी र कृषकको संलग्नता शुरु हुन्छ। बालीका जातको क्षमता मूल्यांकन अनुसन्धानकर्ता, प्रसारकर्मी, बीउ व्यवसायी र कृषकले सामुहिक रुपमा गर्नेछन्। प्रसारकर्मी र बीउ व्यवसायीहरू अनुसन्धानकर्ता र कृषकसंगै कृषकको खेतबारीमा हुने समन्वयात्मक परीक्षण (सि.एफ.एफ.टी.) मा पनि सहभागी

हुनेछन् । धेरै कृषक तथा बीउ व्यवसायीहरूलाई सहभागी गराउन सि.एफ.एफ.टी. को संख्या समेत बढाइनेछ । बढाइएका अनुसन्धान परीक्षणको संख्यालाई चाहिने जति बीउ सम्बन्धीत अनुसन्धान केन्द्रले उपलब्ध गराउनेछन् र प्रसारकर्मीले परीक्षण कार्यमा संलग्न व्यक्तिलाई प्राविधिक सहयोग पुऱ्याउन र अनुगमन गर्न अनुसन्धानकर्तालाई सहयोग गर्नेछन् । यो चरणबाट छनौट हुने बालीका उपयुक्त जातहरूलाई कृषकको स्वीकारोक्ति परीक्षण ( एफ.ए.टी.) मा लगिनेछ । यो चरणदेखि बीउ व्यवसायीहरूले पर्याप्त मात्रामा बीज वृद्धि गर्न शुरु गर्नेछन् । त्यसकारण, परीक्षण गर्नको लागि बढाइएका कृषक संख्या एवम् बीज वृद्धि गर्ने व्यवसायीहरूलाई उपलव्ध गराउन पुग्ने गरी ने.कृ.अ.प. (नार्क) ले बीउ उत्पादन गर्नु पर्नेछ । छानिएका बीज वृद्धिकर्तालाई जि.कृ.वि.का. को नियमित कार्यक्रममा बजेटको व्यवस्था गरी स्रोत बीउ उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

विभिन्न जिल्लामा जिल्ला बीउ बिजन समन्वय समिति (डी.एस.सि.सि.) गठन भएको छ । अहिलेसम्म यस्तो समिति गठन नभैसकेका, तर सहभागितात्मक जातीय परीक्षण र उन्मोचनको यो पद्दति कार्यन्वयन गर्न लागिएका जिल्लाहरूमा यो समिति गठन गरिनेछ । यो समितिलाई बालीका पूर्व उन्मोचित जातको बीउ उत्पादन गर्न इच्छुक बीज वृद्धिकर्ताहरूको पहिचान गर्ने काममा जि.कृ.वि.का. लाई सहयोग गर्न, यो प्रक्रियामा संलग्न सबै सरोकारवालाहरूसंग राम्रो सम्बन्ध कायम गर्न, अनुसन्धान केन्द्रहरूबाट बीउ प्राप्त गर्न, पहिचान भएका बीज वृद्धिकर्ताहरूलाई बीउ वितरण गर्न, र उत्पादन क्षेत्रको अनुगमन तथा तथ्यांक राख्ने कार्यमा पूर्ण रुपले क्रियाशील बनाईनेछ । सम्भव भएसम्म बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रबाट मूल बीउ उत्पादन गर्ने अनुमति लिएका बीउ बिजन व्यवसायी र उत्पादकहरूलाई छनौटमा प्राथमिकता दिईनेछ । अनुसन्धान केन्द्रबाट बीउ बिजन प्राप्त गर्न र बीउ उत्पादकहरूलाई वितरण गर्न आवश्यक पर्ने सामग्रीको व्यवस्था सम्बन्धित जि.कृ.वि.का. ले गर्नेछ ।

ने.कृ.अ.प., जि.कृ.वि.का. र क्षे.बी.बि.प्र. का अधिकारीहरूको सल्लाह र सुझाव बमोजिम छानिएका बीउ बिजन व्यवसायी र उत्पादकहरूले आफ्नो खेतबारीमा बाली उब्जाउने छन् । कृषकको स्वीकारोक्ति परीक्षण (एफ.ए.टी) र बीउ उत्पादन भईरहेको खेतबारीको प्रसारकर्मीहरूले निरन्तर अनुगमन गर्नेछन् । बालीको क्षमता अवलोकन गर्नको लागि सम्बन्धीत सरोकारवालाहरूले बीउ उत्पादन भईरहेको स्थानको संयुक्त अनुगमन गर्नेछन् । जि.कृ.वि.का., क्षे.बी.बि.प्र., वा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रमा कार्यरत बाली निरीक्षकको सहयोगमा बीउ बिजन व्यवसायीरउत्पादकहरूलाई उत्पादन गरेको बीउको खेतबारी र प्रोयोगशालाको मापदण्ड पूरा गर्न लगाइनेछ ।

बीउ व्यवसायी र उत्पादकहरूले उत्पादन गरेको बीउ जि.कृ.वि.का. र अनुसन्धानकर्ताको अधिनमा रहनेछ । यदि कुनै जात उन्मोचन वा दर्ता गर्न योग्य ठहरिएमा ने.कृ.अ.प. (नार्क) ले उन्मोचन वा दर्ताको प्रक्रिया आरम्भ गर्नेछ ।

यस्तो अवस्थामा बीज वृद्धिकर्ताहरूले उत्पादन गरेको बीउलाई अर्को पुस्ताको बीउ उत्पादन गर्न प्रयोग गरिनेछ। यदि त्यो जातमा थप सुधार गर्नु पर्ने देखिएमा, निजी व्यवसायी र उत्पादकहरूबाट बीज वृद्धि गर्ने कार्यलाई स्थगन गरिनेछ। पूर्व उन्मोचित बालीका जातको बीउ उत्पादनको क्षति न्यूनीकरण गर्न निजी व्यवसायीरउत्पादकहरूले चरण ५ मा उत्पादन गरेको बीउको मूल्य बीउ अनुदान कार्यक्रम अन्तरगत सरकारले तिरी दिनेछ। कुनै कारणवश एक बर्षमा जात उन्मोचन हुन सकेन भने उत्पादकहरूलाई बीउ र अन्नको बीचमा हुने फरक मूल्य उपलब्ध गराइनेछ। प्राविधिक कारणले बाली नास हुन गएमा बालीका पूर्व उन्मोचित जातको बीउ उत्पादन गर्ने व्यवसायी र उत्पादकहरूलाई डी.एस. सि. सि., ने. कृ. अ. प. र जि. कृ. वि. का. का प्रतिनिधि सम्मिलित समितिको मूल्यांकनका आधारमा  क्षतिपूर्ति दिइनेछ। तर, प्राकृतिक कारणले बाली नाश हुन गएको खण्डमा यो योजना अन्तरगत कुनै क्षतिपूर्ति उपलब्ध गराइने छैन। यदि जात उन्मोचन भएको खण्डमा बजारमा बीउ सामान्य तवरले जानेछ। बीउ उत्पादन गर्न, जिन्सी व्यवस्था मिलाउन, गुणस्तर कायम गर्न र पूर्व उन्मोचित बालीका जातको बीउ उत्पादनका क्रममा क्षतिपूर्तिको व्यवस्था गर्न आवश्यक पर्ने बजेट जि.कृ.वि.का. ले नियमित कार्यक्रममा प्रस्ताव गर्ने छन्।

## मोडेल कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत

अनुसन्धान प्रक्रियामा प्रस्तावित संशोधन कृ.खा.सु.आ.लागू भएका जिल्लाहरूबाट शुरु गरिनेछ। यसले वित्तीय तथा जनशक्ति व्यवस्थापनमा प्रभाव पार्नेछ। अहिले कृ.खा.सु.आ. ले मध्य र सुदुर पश्चिम क्षेत्रका १९ वटा जिल्लाहरू समेटेको छ। यी १९ जिल्लाहरूलाई मध्य पश्चिमाञ्चल क्षेत्रको लागि नेपालगंज र सुदूर पश्चिमाञ्चल क्षेत्रको लागि डोटीमा रहेका दुईवटा क्षेत्रीय कृषि अनुसन्धान केन्द्रले सहयोग गरी रहेका छन्। आयोजनाले समेटेका १९ जिल्ला मध्ये जम्मा ५ जिल्लामा ने.कृ.अ.प.को उपस्थिति र वाह्य अनुसन्धान रहेको छ (तालिका २)। त्यसैले, सहभागितामूलक जातीय विकास र पूर्व उन्मोचित तथा उन्मोचन भैसकेका जातको बीउ उत्पादनमा सहयोग पुऱ्याउन कृ.खा.सु.आ. ले ने.कृ.अ.प. अन्तरगतका केन्द्रहरूलाई थप जनशक्ति उपलब्ध गराउनु पर्ने हुन्छ।

**तालिका २** पूर्व उन्मोचित बालीका जातहरूको परीक्षणका लागि सार्वजनिक निजी साझेदारी कार्यलाई सुदृढ बनाउन आवश्यक पर्ने थप जनशक्ति

| अनुसन्धान केन्द्र | कृ.खा.सु.आ. अन्तरगतका जिल्ला | ने.कृ.अ.प. को बाह्य सेवा | आवश्यक थप सहयोग (व्यक्ति) | लागत बजेट (रु.)[1] |
|---|---|---|---|---|
| क्षे.कृ.अ.के.डोटी | डडेलधुरा | छैन | १ जुनियर अधिकृत | ९९४, ५०० |

[1] तलव मासिक रु. २५,००० र दैनिक तथा भ्रमण भत्ता मासिक रु. २०,००० का दरले हिसाव गरिएको छ, सरकारी नियम अनुसार ठाउँ र जिल्ला अनुरुप दुर्गम क्षेत्र भत्ता ५० देखि १०० प्रतिशतसम्म थप गरिएको छ,

| | | | | |
|---|---|---|---|---|
| | बैतडी | छैन | १ जुनियर अधिकृत | १,०५३,००० |
| | दार्चुला | छैन | १ जुनियर अधिकृत | १,१११,५०० |
| | बझांङ्ग | छैन | १ जुनियर अधिकृत | १,०५३,००० |
| | बाजुरा | छैन | १ जुनियर अधिकृत | १,१७०,००० |
| | अछाम | छैन | १ जुनियर अधिकृत | ९३६,००० |
| | डोटी | छ | - | - |
| क्षे.कृ.अ.के. नेपालगंज | हुम्ला | छैन | १ जुनियर अधिकृत | १,१७०,००० |
| कृ.अ.के. जुम्ला | जुम्ला | छ | कृ.अ.के. जुम्लाले हेर्ने | - |
| कृ.अ.के. दैलेख | दैलेख | छ | कृ.अ.के. दैलेखले हेर्ने | - |
| कृ.अ.के. सुर्खेत | सुर्खेत | छ | कृ.अ.के. सुर्खेतले हेर्ने | - |
| | मुगु | छैन | १ जुनियर अधिकृत | १,१७०,००० |
| | डोल्पा | छैन | १ जुनियर अधिकृत | १,१७०,००० |
| | कालिकोट | छैन | १ जुनियर अधिकृत | १,१७०,००० |
| | जाजरकोट | छैन | १ जुनियर अधिकृत | ९९४,५०० |
| | रुकुम | छैन | १ जुनियर अधिकृत | ९३६,००० |
| कृ.अ.के. सल्यान | सल्यान | छ | कृ.अ.के. सल्यानले हेर्ने | - |
| | रोल्पा | छैन | १ जुनियर अधिकृत | ९९४,५०० |
| | प्युठान | छैन | १ जुनियर अधिकृत | ९९४,५०० |
| | | | जम्मा नेपाली रु. | १३,९२३,००० |
| | | | जम्मा अमेरिकी डलर | १३९,२३० |

*क्षे.कृ.अ.के. क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, कृ.अ.के. कृषि अनुसन्धान केन्द्र*
*सटही दर: १ अमेरिकी डलर १०० नेपाली रुपैया*

प्रस्तावित मोडेल कार्यान्वयन हुनेमा निर्धक्क रहन हरेक निकायले केही न केही भूमिका खेल्नु पर्ने हुन्छ । विभिन्न निकायले खेल्नुपर्ने भूमिकाको संक्षिप्त जानकारी तालिका ३ मा दिइएको छ ।

**तालीका ३ :** बालीका जात विकास र उन्मोचनमा निजी क्षेत्रको संलग्नतालाई सहयोग गर्न आवश्यक पर्ने कार्यहरू

| कार्य | संस्था र निकाय | समय सिमा |
|---|---|---|
| १. यस योजना अनुसार राष्ट्रिय बीउ बिजन समिति (रा.बि.बि.स.) ले स्वीकृत गरेको निर्देशिका तालिका १ मा तोकिए अनुरुप निजी क्षेत्रलाई समावेश गर्नका लागि आफ्ना केन्द्रहरूलाई परिपत्र गर्ने | ने.कृ.अ.प. (नार्क) | २०१६ अप्रिलको अन्तिम हप्ता |
| २. तालिका २ मा उल्लेख गरिए जस्तै थप | | २०१६ अप्रिल |

| | | |
|---|---|---|
| प्राविधिकका लागि लागत बजेट समावेश गर्ने | | |
| ३. थप प्राविधिकहरू (जुनियर अधिकृत) करारमा भर्ना गर्ने | | २०१६ मई/जून |
| ४. नयाँ अधिकृतहरूलाई अभिमूखीकरण तालिम प्रदान गरी सम्बन्धित केन्द्र वा जिल्लामा परिचालन गर्ने | | २०१६ मई/जून |
| ५. धेरै संख्यामा परीक्षणका लागि पर्याप्त बीउ उत्पादन गरी जि.कृ.वि.का. लाई उपलब्ध गराउने | | आ.व. २०१६/१७ देखि |
| ६. बीउ उत्पादन क्षेत्रमा संयुक्त अनुगमन आयोजना गर्ने र बीउ उत्पादकहरूलाई आवश्यक सल्लाह दिने | | आ.व. २०१६/०१७ देखि |
| ७. कृषक र बीउ उत्पादकहरूको खेतबारीबाट आउने तथ्यांकलाई मान्यता दिने | | आ.व. २०१६/१७ देखि |
| ८. यदि जिल्ला स्तरमा बीउ व्यवसायीहरू संगठित नभएको भए बीउ व्यवसायीहरूको जिल्ला स्तरीय समिति गठन गर्ने र समितिका प्रतिनिधिहरू जि.कृ.वि.का. र ने.कृ.अ.प. संग नजिकको सम्पर्कमा रहने व्यवस्था मिलाउने | निजी बीउ व्यवसायी र उत्पादकहरू | आ.व. २०१६/१७ देखि |
| ९. जिल्ला बीउ बिजन समन्वय समिति (डी.एस.सि.सि.) को बैठकमा प्रतिनिधित्व गर्ने | | आ.व. २०१६/१७ देखि |
| १०. पूर्व उन्मोचित जातहरूको बीज बृद्धिमा भाग लिन इच्छुक बीउ व्यवसायीहरूको पहिचान गर्न जि.कृ.वि.का. लाई सहयोग गर्ने । सम्भव भएसम्म बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रबाट मूल बीउ उत्पादन गर्ने अनुमतिपत्र लिएका व्यवसायीहरूलाई छनौटमा प्राथमिकता दिने | | आ.व. २०१६/१७ देखि |
| ११. समन्वयात्मक जातीय परीक्षण (सि.भी.टी.), कृषकको खेतबारीमा गरिने समन्वयात्मक परीक्षण सि.एफ.एफ.टी.), कृषकको खेतबारीमा गरिने परीक्षण (एफ.एफ.टी.)र कृषकको स्विकारोक्ति परीक्षण (एफ.ए.टी.) मा सहभागी हुने बीउ व्यवसायीको छनौट गर्ने | | आ.व. २०१६/१७ देखि |
| १२. ने.कृ.अ.प., जि.कृ.वि.का. र क्षे.बि.बि.प.प्र. (आर. एस.टी.एल.) को सुझाव र कार्यविधि बमोजिम छानिएका बीउ व्यवसायी र उत्पादकले राम्रो गुणस्तरको बीउ उत्पादन गर्ने | | आ.व. २०१६/१७ देखि |

| | | |
|---|---|---|
| १३. आफ्नो खेतबारीमा लगाईएको जातको तथ्यांक संकलन र प्रतिवेदन तयारीमा ने.कृ.अ.प. का केन्द्रहरू र जि.कृ.वि.का. लाई सहयोग गर्ने | | आ.व. २०१६/१७ देखि |
| १४. ने.कृ.अ.प. र जि.कृ.वि.का. का अधिकारीहरूको सल्लाह बमोजिम पूर्व उन्मोचित जातको बीउ कटानी, प्रशोधन, भण्डारण र परिचालन गर्ने | | आ.व. २०१६/१७ देखि |
| १५. ने.कृ.अ.प ले संचालन गर्ने समन्वयात्मक जातीय परीक्षण (सि.भी.टी.), कृषकको खेतबारीमा गरिने समन्वयात्मक परीक्षण (सि.एफ.एफ.टी.) बाट जातको पहिचान र मूल्यांकनमा र बीउ उत्पादन क्षेत्रमा जि.कृ. वि.का. का कर्मचारी सहभागी हुने | जि.कृ.वि.का. | आ.व. २०१६/१७ देखि |
| १६. जिल्ला बीउ बिजन समन्वय समिति (डी.एस.सि.सि.) लाई सक्रिय राख्ने र त्यसलाई परीक्षण कार्यमा सहभागी गराउने | | आ.व. २०१६/१७ देखि |
| १७. आफ्नो जिल्लालाई आवश्यक पर्ने मूल, प्रमाणित र यथार्थ संकेतपत्र लगाइएका बीउको परिमाण पत्ता लगाउने | | २०१६ अप्रिल/मई |
| १८. ने.कृ.अ.प. संग परीक्षण कार्यमा सहभागी हुन र पूर्व उन्मोचित जातको बीज बृद्धि गर्न इच्छुक बीउ उत्पादकहरूको पहिचान गर्ने | | आ.व. २०१६/१७ को पूर्वाद्धमा |
| १९. ने.कृ.अ.प. संगको सहकार्यमा तोकिएको क्षेत्रमा कृषकको खेतबारीमा गरिने परीक्षण (एफ.एफ.टी.) र कृषकको स्विकारोक्ति परीक्षण (एफ.ए.टी.) संचालन गर्न र ठूलो संख्यामा रहेका कृषकहरूको सहभागितामा उपयुक्त जातको मूल्यांकन गर्ने काममा मूख्य भूमिका निर्वाह गर्ने | | आ.व. २०१६/१७ देखि |
| २०. कृषक समूह र सहकारी र अरु निजी बीउ व्यवसायीलाई प्रेरित गर्ने तथा उनीहरूलाई पूर्व उन्मोचित र उन्मोचन भैसकेका बालीका जातको बीउ उत्पादनमा सक्रिय गराउने | | आ.व. २०१६/१७ देखि |
| २१. उत्पादन क्षेत्रबाट तथ्यांक संकलन गर्न ने.कृ.अ.प. लाई सहयोग गर्ने | | आ.व. २०१६/१७ देखि |
| २२. यो व्यवस्था अन्तर्गत संचालित बीउ उत्पादन क्रियाकलापहरूको सूचना जि.कृ.वि.का. बाट लिने र अध्यावधिक गरी | कृषि बिभाग र बाली विकास निर्देशनालयर | आ.व. २०१६/१७ देखि |

| | | |
|---|---|---|
| रहने | क्षेत्रीय कृषि निर्देशनालय | |
| २३. विभिन्न जिल्लामा निजी बीउ व्यवसायीहरूले संचालन गरेको पूर्व उन्मोचित जातको बीउ उत्पादन क्षेत्रको संयुक्त अनुगमनमा ने.कृ.अ.प., जि.कृ.वि.का. का कर्मचारी र अरु सरोकारवालासंगै सहभागी हुने | | आ.व. २०१६/१७ देखि |
| २४. पूर्व उन्मोचित जातको बीज बृद्धिमा संलग्न निकाय र क्षेत्रलाई आवश्यक पृष्ठपोषण र सल्लाह प्रदान गर्ने | | आ.व. २०१६/१७ देखि |
| २५. विभिन्न मञ्चमा बीउ उत्पादन क्रियाकलापको अनुगमनको अनुभव बाँड्ने | | आ.व. २०१६/१७ देखि |
| २६. यो दस्तावेजलाई अन्तिम रुप दिन बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई सहयोग गर्ने र प्रस्तावित योजनालाई राष्ट्रिय बीउ बिजन समितिबाट पारित गराउन आवश्यक व्यवस्था मिलाउने | कृषि तथा खाद्य सुरक्षा आयोजना | २०१६ मार्चको मध्यबाट |
| २७. जि.कृ.वि.का. र निजी बीउ व्यवसायीहरूलाई प्रेरित गर्ने र पूर्व उन्मोचित र उन्मोचन भैसकेका बालीका जातको बीउ उत्पादनमा उनीहरूलाई संलग्न गराउने | | २०१६ अप्रिल/मई |
| २८. बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, क्षे.बि. वि.प्र., ने.कृ.अ.प. र जि.कृ.वि.का. लाई प्रस्तावित योजना कार्यन्वयन गर्न आवश्यक बजेट उपलब्ध गराउने | | २०१६ मार्चको मध्यदेखि |
| २९. राष्ट्रिय बीउ बिजन समितिबाट प्रस्तावित योजना पारित गराउन प्रमूख भूमिका निर्वाह गर्ने | बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | २०१६ मार्चको मध्यसम्ममा |
| ३०. पूर्व उन्मोचित बालीका जातको बीउ उत्पादन सम्बन्धी कार्यविधि र निर्देशिका वा पत्र तयार गरी ने.कृ.अ.प., कृषि विभाग, बाली विकास निर्देशनालय, क्षे.बि.बि.प्र., जि.कृ.वि.का. र अरु सरोकारवाला निकायलाई उपलब्ध गराउने | | २०१६ अप्रिल मध्य |
| ३१. सम्बन्धित सबै सरोकारवालाहरूलाई यो योजनाको बारेमा जानकारी गराउन कृ.खा.सु.आ. को सहयोगमा केन्द्रिय स्तरमा एक र क्षेत्रीय स्तरमा दुईवटा (मध्य र सुदूरपश्चिम क्षेत्रमा) अभिमूखीकरण | | २०१६ मई |

| | | |
|---|---|---|
| कार्यक्रमको आयोजना गर्ने | | |
| ३२. कृषक समूह र सहकारी र अन्य निजी बीउ व्यवसायीहरूले उत्पादन गरेको पूर्व उन्मोचित बालीका जातको बीउको फिल्ड र प्रयोगशालाका मापदण्ड कायम राख्न क्षे.बि.प्र. संग समन्वय र सहकार्य गर्ने | | आ.व. २०१६/१७ देखि |
| ३३.पूर्व उन्मोचित जातको बीउको उपयोगका लागि ने.कृ.अ.प., बाली विकास निर्देशनालय, जि.कृ.वि.का. र बीउ बिजन व्यवसायी र उत्पादकहरूसंग निकट समन्वयमा काम गर्ने | | आ.व. २०१६/१७ देखि |

## मोडेल कार्यन्वयन गर्न मिलाउनु पर्ने थप कुराहरू

अहिलेको जात उन्मोचन प्रक्रियामा निम्नलिखित बुँदाहरू संशोधन गर्न सकिएमा मोडेल कार्यान्वयन गर्न सहज हुनेछ ।

१. जात उन्मोचन प्रक्रियामा प्रस्तावित जातको बारेमा कृषक, बीउ व्यवसायी र उत्पादक (बीज बृद्धि गर्नेहरू) र प्रसारकर्मीको प्रतिक्रिया समेटिने व्यवस्था थप गर्नु आवश्यक हुन्छ ।

२. प्रमुख खाद्यान्न बाली (धान, मकै र गहुँको जात उन्मोचन गर्न आवश्यक पर्ने बीउको न्यूनतम परिमाण बृद्धि गर्नु पर्दछ ।

**स्रोत :** बीउ उत्पादन व्यस्थापनको महत्व र उपयुक्त जातसंग जोडिएको कानुनी पक्षको पुरक जानकारी अनुसूची १ मा दिइएको छ ।

## सन्दर्भ सामग्रीहरू :

बी.बि.गु.नि.के. (२०१३) नेशनल सिड भिजन २०१३ (२०२५ (बीउ बिजन क्षेत्रको विकास रणनीति) । कृषि विकास मन्त्रालय, नेशनल सीड बोर्ड, बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुर, नेपाल - www.sqcc.gov.np मा पनि उपलब्ध छ ।

राष्ट्रिय बीउ बिजन नीति, २०५६ www.sqcc.gov.np मा उपलब्ध छ ।

बीउ बिजन ऐन, २०४५ (पहिलो संसोधन २०६४ सहित) www.sqcc.gov.np मा उपलब्ध छ ।


बीउ बिजन नियमावली २०६९, www.sqcc.gov.np मा उपलब्ध छ ।

# अनुसूची १

पूर्व उन्मोचित जातको बीउ उत्पादनमा सहयोग पुऱ्याउन स्रोत बीउको व्यवस्थापन सम्बन्धी संक्षिप्त जानकारी

बीउ बिजन कार्यक्रमको सफलता विश्वासिलो गुणस्तर भएको स्रोत बीउ (अर्को पुस्ताको बीउ उत्पादन गर्न प्रयोग गरिने बीउ)को उपलब्धतामा भर पर्छ । वास्तवमा, स्रोत बीउ उत्पादन र जातीय सम्वर्द्धन जात विकास र सुधार प्रक्रिया संगै जान्छन् । आलु, गहुँ र धान जस्ता स्वयम् परागसेचन र वानस्पतिक प्रशारण हुने बालीमा स्रोत बीउ उत्पादन सहज हुने भए तापनि पर परागसेचन हुने बाली (जस्तै मकै) मा कठीन हुन्छ किनभने यस्ता बालीहरूलाई अरु जातसंगको सम्मिश्रणबाट बचाई जातीय शुद्धता कायम गर्न पृथकता दुरी कायम राख्नु पर्ने हुन्छ । त्यसैले, स्वयम् परागसेचन हुने बालीको हकमा समन्वयात्मक जातीय परीक्षणबाट उत्पादित बीउ बचाई पछिल्लो बर्षको परीक्षणका लागि स्रोत बीउको रुपमा प्रयोग गर्न सकिन्छ ।


**(चित्र १)**




चित्र १: स्वयम परागसेचन हुने बाली (धान, गहुँ, आलु) को विभिन्न तहमा जातीय परिक्षण तथा संगसंगै स्रोत बीउ उत्पादन र सम्वर्द्धन

अरु जातसंगको सम्मिश्रणबाट हुने जातीय मिसावटबाट बचाउन पर (परागसेचन हुने बालीमा पृथकता दूरी कायम राख्नु पर्ने हुनाले आवश्यक पर्ने स्रोत बीउ तोकिएका बाली अनुसन्धान कार्यक्रम वा कृषि अनुसन्धान केन्द्रको कार्यक्रममा समावेश गरी अनुसन्धान केन्द्रले सिधै उपलब्ध गराउनु पर्छ।

**(चित्र २)**




## वित्तीय सहयोग

कृ.खा.सु.आ. ले मध्य र सुदूर पश्चिमका पहुँच नपुगेका ग्रामीण जिल्लाहरूमा काम गरिरहेको छ। नेपालको अरु भागको तुलनामा कृ.खा.सु.आ. लागू भएका जिल्लाहरू उन्मोचन भइसकेका बालीका जातहरूको बीउ उत्पादनमा समेत निकै पछाडी छन्। त्यसैले, यी जिल्लाहरूमा दुई तरिकाबाट वित्तीय सहयोग उपलब्ध गराइनेछ। यो प्रस्तावना पत्रको मुख्य अंशमा उल्लेख भएको प्रक्रिया बमोजिम नै पूर्व उन्मोचित बालीका जातहरूको बीउ उत्पादन गर्न वित्तीय सहयोग दिईनेछ। पहिले नै उन्मोचन भइसकेका बालीका जातहरूको बीउ उत्पादकहरूलाई निम्न बमोजिम वित्तीय सहयोग प्रदान गरिनेछ। यो प्रस्तावनाले पहुँच भएको क्षेत्रमा काम गरी राम्रैसंग स्थापित भईसकेका बीउ व्यवसायीहरूलाई उन्मोचन भइसकेका बालीको जातको बीउ उत्पादनमा वित्तीय सहयोग गर्नु पर्ने आवश्यकता देख्दैन। तथापि, पहुँचका हिसावले असहज

र खाद्यान्न र आलु बालीको बीउ व्यवसायमा क्रियाशील निजी व्यवसायी नभएका डोल्पा, मुगु, हुम्ला, र बाजुराका प्रायजसो गा.वि.स. तथा जुम्ला, कालिकोट, जाजरकोट, बझाङ्ग र दार्चुलाका केही गा.वि.स.हरूमा वित्तीय सहयोग गर्नु पर्ने आवश्यकता देखिन्छ। त्यसका अतिरिक्त, व्यवसाय संचालन गर्न पुग्ने परिमाणमा बीउ पाइने क्षेत्रमा मात्र निजी क्षेत्रले काम गरेको देखिन्छ। त्यसैले, निजी क्षेत्रमा इच्छा पैदा गर्ने दुई प्रमूख पूर्व शर्तहरू छन्: १) कार्य संचालनको अकार (स्केल अफ अपरेसन), र २) यातायत र पहुँच। यस्तो अवस्थामा बीउ उत्पादक समूह र सहकारी वा बीउ व्यवसायीलाई बीउ व्यवसाय (बीउ उत्पादन, संकलन, प्रशोधन, भण्डारण, प्याकेजिंग, लेवेलिंग र स्थानीय तहमा बिक्री वितरण गर्न) स्थापना वा संचालन गर्न घुम्ती कोष वा अन्य किसिमका सहयोगको व्यवस्था गर्नु सहयोगी एवम् न्यायोचित हुन्छ।

कृषि वि भागद्वारा संचालित कार्यक्रम अन्तरगत बीउ रकम र घुम्ती कोषको व्यवस्था पहिले देखि नै गरिंदै आएको छ। कृषि विभाग अन्तरगतको कृषि प्रसार निर्देशनालयले बीउ उत्पादन, संकलन, प्रशोधन, भण्डारण, र बजारीकरणमा सहयोग गर्ने हेतुले तिन विभिन्न किसिमका नर्मस तयार गरी कार्यान्वयनमा लगेको छ। ती यस प्रकार छन्:

१. यदि कृषक समूहले समूह कोषमा आफ्नो शेयर वापत रु. ३००० देखि ५००० रकम संकलन गरी जम्मा गरेको खण्डमा सो समूहलाई मिलान अनुदानका रुपमा रु ३००० देखि रु ५००० सम्म दिने व्यवस्था छ। यसका अतिरिक्त यी समूहले बीउ खरिदमा ५०% र ढुवानीमा शत प्रतिशत अनुदान पाउँछन्। यो सहयोग कृषक समूहमा केन्द्रित छ।

२. बीउ व्यवसायी समूहहरूलाई रु. १००,००० दिने प्रावधान छ। कृषक समूहको सन्दर्भमा जस्तै यो समूहले पनि आफ्नो खातामा यो (रु १००,०००) बराबरको रकम संकलन गरी जम्मा गरेको हुनु पर्छ।

३. पूर्वाधार जस्तै भण्डार घर निर्माणको लागि रु ३००,००० र थ्रेसिंग फ्लोर निर्माणको लागि रु १००,००० दिने व्यवस्था छ। यो समूहलाई एक पटक मात्रै दिने सहयोग हो। जुन समूहका कृषकहरूले पूर्व उन्मोचित जातको बीउ उत्पादन गर्छन् तिनीहरूलाई यस्तो सहयोग अपुग हुने देखिन्छ। यी कृषकहरूलाई: १) सामान्य बजार मूल्य भन्दा थप वित्तीय सहयोग प्रदान गर्दा २०% भन्दा धेरै मूल्य पर्ने खालका बीउ उत्पादन गर्न विशेष सुविधा

प्रदान गर्ने २) बाली क्षति भएको खण्डमा क्षतिपूर्ति उपलब्ध गराउने जस्ता कार्यहरूबाट संरक्षण गर्नु आवश्यक छ ।

## पूर्व उन्मोचित जातको स्रोत बीउ उत्पादन गर्ने कार्यमा जोडिएका कानुनी पक्षहरू

पूर्व उन्मोचित बालीका जातहरूको स्रोत बीउ उत्पादन, बीज बृद्धि र प्रवर्द्धनमा बुझ्नुपर्ने र सचेत हुनु पर्ने विभिन्न कानुनी पक्षहरू जोडिएका हुन्छन् ।

नेपालमा राष्ट्रिय बीउ बिजन समिति (रा.बि.बि.स.) ले नयाँ जातको बीउ अनुमोदन, उन्मोचन र दर्ता गर्ने कार्य गर्छ । बीउ बिजन ऐन, २०४५ र बीउ बिजन नियमावली, २०६९ ले अनुमोदन, उन्मोचन, र दर्ता नभएका जातको बीउको व्यवसायिक कारोवारमा रोक लगाएका छन् ।

प्रस्तावित मोडेल बमोजिम उत्पादन हुने बीउ खुला बजारमा व्यवसायिक रुपमा बिक्रि वितरण हुने छैन (यो कार्यलाई ऐन र नियमावलीले रोक लगाएको छ) । यी बीउहरू जात उत्कृष्ट पाइएमा अर्को पुस्ताको बीउ उत्पादनमा निरन्तर प्रयोग गरिनेछ भने कमसल पाइएमा बीज बृद्धि कार्य गरिने छैन । यस्तो बीउ उत्पादन गर्ने बीउ उत्पादकहरूलाई केही बिशेष सुविधा आवश्यक हुन्छ र उत्पादित बीउ जिल्ला कृषि विकास कार्यालय, बाली विकास निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद्, र बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको संयुक्त पहलमा थप बीज बृद्धिका लागि पठाउनु पर्छ ।